सभापोखरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

( राजश्व शाखा )

सभापोखरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाह्रबिसे, संखुवासभा कोशी प्रदेश, नेपाल २०७३

प.स.: ०८१।०८२
सुचना नं. : २

बाह्रबिसे, संखुवासभा
कोशी प्रदेश, नेपाल

मितिः २०८१।०४।०४

## कर संकलन ठेक्का मार्फत गर्ने सूचना।

प्रस्तुत विषयमा सभापोखरी गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१/०४/०२ गतेको कार्यपालिका बैठकको निर्णय अनुसार आ.व. २०८१/०८२ मा सभापोखरी गाउँपालिको क्षेत्र भित्र लागु हुने आर्थिक ऐन २०८१ मा भएका तपशिल बमोजिमका करहरुको संकलन सिलबन्दी कोटेशन माग गरी ठेक्का मार्फत बन्दोवस्त गर्नुपर्ने भएकाले उक्त कार्यका ठेक्का लिन इच्छुक ठेकदार वा फर्म वा व्यत्ति वा संस्थाले तपशिल बमोजिम शर्तहरुको अधिनमा रही यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा सिलबन्दी दरभाउ पत्र पेश गर्न यो सुचना प्रकाशित गरीएको छ।

तपशिल:

| क्र. स. | राजश्व शिर्षक | इकाइ | | प्रति इकाइ दर | बार्षिक कबोल रु मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | रुद्राक्ष | प्रति के.जि. | भाद्र देखि मंसिर सम्म कारोबार गर्नेलाई (बोक्रा सहित) | रु ५ | | |
| | | | भाद्र देखि मंसिर सम्म कारोबार गर्नेलाई (बोक्रा बाहेक) | १० | | |
| | | | बाँकि अन्य समयमा गर्नेलाई | ३ | | |
| २ | अम्लिसो | प्रति के.जि. | | रु ३ | | |
| | अलैची | प्रति के.जि. | | रु ७५० | | |
| | सुन्तला | प्रति के.जि. | | रु २ | | |
| ३ | गाई गोरु निकासी | प्रति गोटा | | रु २०० | | |
| ४ | भेडा/ बाख्रा/ खसी/ च्याङ्ग्रा निकासी | प्रति गोटा | | रु १०० | | |
| ५ | सुपारी | प्रति के.जि. | | रु १० | | |
| ६ | उन | प्रति के.जि. | | रु १० | | |
| ७ | बास | प्रति घना | | रु ५ | | |
| ८ | कफि | प्रति के.जि. | | रु ३ | | |
| ९ | राडी पाखी क बर्ग | प्रति गोटा | | रु ५० | | |
| १० | राडी पाखी ख वर्ग | प्रति गोटा | | रु ३० | | |
| ११ | भारी सावारी साधन सेवा शुल्क (बस, ट्रक, लरी, एल्पी) | प्रति ट्रिप | | रु.२०० | | |
| १२ | हल्का सावारी साधन सेवा शुल्क(ट्याक्सी, जिप, भेन) | प्रति ट्रिप | | रु.१०० | | |

प्रमुख प्रशासकीय अधि...



CamScanner

# सभापोखरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## ( राजश्व शाखा )

सभापोखरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाह्रबिसे, संखुवासभा कोशी प्रदेश, नेपाल २०७३

बाह्रबिसे, संखुवासभा
कोशी प्रदेश, नेपाल

प.स.: ०८१।०८२
सुचना नं. : २

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | स्थानीय ढुंगा माटो बालुवा ओसार पसार बाहेक व्यवसायिक सामान ढुवानी गर्दा ट्र्याक्टर | प्रति ट्रिप | रु.१०० | | |
| १४ | वन/ वन्यजन्य वस्तुबाट निर्मित सामाग्री जस्तै दराज, खाट, पलङ, कुर्सि, टेवल, ठेकी आदि यस्तै | प्रति गोट्टा | १०० | | |

शर्तहरु :

१. यो ठेक्का को अवधि ठेक्का लागेको समय देखी २०८२ असार मसान्त सम्म हुनेछ।
२. दरभाउपत्र फारम सभापोखरी गाउँपालिकाको कार्यालय, राजश्व शाखाबाट रु २०० को भौचर काटी प्रमाणित गराई लिन सकिने छ।
३. दरभाउ पत्रसाथ न्युनतम रकमको ५ % अर्थात रु ४०,०००।०० सभापोखरी गा.पा.को धरौटी खाता नं. ०६९०१००००००००२३००१६० मा जम्मा गरी सक्कल भौचर पेश गर्नुपर्ने छ।
४. ठेक्का कबोल गर्ने ठेकदार वा फम वा व्यक्ति वा संस्थाले कम्तीमा न्यूनतम रकम रु ८,००,०००।०० (अक्षेरुपी रु आठ लाख रुपैया मात्र) बाट बढाबढ दरभाउ पत्र पेश गर्नुपर्ने छ।
५. पेश हुन आएका दरभाउपत्र १६ (सोह्रौं) दिनको दिउसो ३:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा सभापोखरी गाउँपालिकाको कार्यालयमा खोलिने छ। दरभाउपत्रदाता वा निजको प्रतिनिधिको तोकिएको समयमा अनुपस्थित रहेमा पनि दरभाउपत्र खोलिने छ।
६. सबै भन्दा बढी कबोल गर्नेको दरभाउपत्रदताको कंबुल अकं स्वीकृत गरीनेछ।,स्वीकृत ठेकदार वा फम वा व्यक्ति वा संस्थाले कबोल गरेको रकम जम्मा ३(तिन) किस्तामा बुझाउनु पर्ने छ। पहिलो किस्ता (५०%) रकम सम्झौता गर्दाको समयमा दाखिला गर्नु पर्ने छ। दोस्रो किस्ताको (२५%) रकम चौमासीक रुपमा र तेस्रो किस्ताको (२५% ) आर्थिक बर्ष समाप्त हुनु भन्दा ३ महिना अगाडी अग्रीम रुपमा बुझाउनु पर्ने छ। धरौटी रकम चालु आ.ब. समाप्त भए पछि मात्र फिर्ता हुने छ।
७. दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा भोलिपल्ट कार्यालय खुलेको दिनहुने छ।
८. ठेक्केदारले सम्झौताको समयमा ठेक्का अनुसारको रकम एकमुष्ठ बुझाएमा ५% (पाच प्रतिशत) छुट दिईनेछ।
९. रित नपूर्याइ आएका सिलबन्दी दरभाउ पत्र मान्य हुने छैन।
१०. यस सुचनामा उल्लेख नभएको कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

०८१/८/१४
...................
बुकु प्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत



CamScanner